म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १९२ शुक्रबार, ९ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 21 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीरबाट लडेर पाख्रिनको मृत्यु

हेटौंडा, ८ फागुन/भीरबाट लडेर मकवानपुरमा एक जनाको मृत्यु भएको छ । मकवानपुरको थाहा नगरपालिका-५ नलिवनका ३२ वर्षीय राजकुमार पाख्रिनको बुधवार राति भीरबाट लडेर मृत्यु भएको हो ।

थाहा नगरपालिका वडा नम्बर-८ दामगढेस्थित माइला ससुरा अमरबहादुर थिङको छोरीको विवाहको भोज खाई फर्कँदै गर्दा थाहा-७ भट्टेडाँडास्थित पार्वती गोलेको खाजाघरमा चुरोट किनी सोही खाजाघर पछाडि पिसाब गर्न गएको अवस्थामा भीरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । भीरबाट अन्दाजी दुईसय मिटर तल खसेर पाख्रिनको मृत्यु भएको हो ।

### बागमती प्रदेश: विकास खर्च निराशाजनक

## तलब भत्तामा उत्साह, राजश्वको स्रोत कमजोर

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ चालु आर्थिक वर्ष २०८१/८२ को लागि बागमती प्रदेश सरकारले ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट ल्याएको थियो । जसमध्ये प्रदेश सरकारले माघ मसान्तसम्म कुल विनियोजित बजेटको २० दशमलब १८ प्रतिशत अर्थात १३ अर्ब २ करोड ७० लाख रुपैयाँ मात्र खर्च गरेको छ ।



प्रदेश सरकारको विकास निर्माणमा वित्तीय प्रगति निराशाजनक हुँदा तलबभत्ता तथा कार्यालय सञ्चालन खर्चमा भने उत्साह देखिएको छ । यस आर्थिक वर्षका लागि चालुतर्फ २५ अर्ब ९४ करोड १९ लाख बजेट विनियोजन भएकोमा ७ अर्ब ७२ करोड ६ लाख ९२ हजार खर्च भएको छ । पुँजीगततर्फ भने ३७ अर्ब ९ करोड ८४ लाख रुपैयाँ विनियोजित बजेटमध्ये ५ अर्ब ३० करोड ६३ लाख ५१ हजार खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

सत्ता भागबण्डा मिलाउन मन्त्रालयको संख्या बढाउनेदेखि बजेटको ठूलो हिस्सा बोकेको भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका थप कार्यालय खुले पनि विकास बजेट खर्च सन्तोषजनक देखिदैन । पछिल्लो ७ महिनामा २२ अर्ब ७९ करोड ७७ लाख २९ हजार बजेट रहेको भौतिक मन्त्रालयको कुलखर्च ३ अर्ब ६९ करोड १६ लाख ७२ हजार रुपैयाँ मात्रै छ । खानेपानी उर्जा तथा सिंचाइ मन्त्रालयले १ अर्ब १५ करोड ९५ लाख १७ हजार रुपैयाँ, स्वास्थ्य मन्त्रालयले १ अर्ब २० करोड २६ लाख २८ हजार रुपैयाँ, वन तथा वातावरण मन्त्रालयले ६६ करोड ७६ लाख ८८ हजार रुपैयाँ, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ४२ करोड ५ लाख २९ हजार रुपैयाँ, पर्यटन मन्त्रालयले १७ करोड ९६ लाख २० हजार रुपैयाँ बजेट खर्च गरेको मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए ।

सामाजिक विकास मन्त्रालयले ८९ करोड ४६ लाख ८० हजार रुपैयाँ, युवा तथा खेलकुद मन्त्रालयले २० करोड ३८ लाख २३ हजार रुपैयाँ, श्रम, रोजगार तथा यातायात मन्त्रालयले २० करोड २५ लाख ५५ हजार रुपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १५ करोड ८७ लाख रुपैयाँ खर्च गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले १३ करोड ६७ लाख ६६ हजार रुपैयाँ, आर्थिक मामिला मन्त्रालयले ५ करोड ६३ लाख २१ हजार रुपैयाँ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ९ करोड ८६ लाख २५ हजार बजेटखर्च गरेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ ।

बहुवर्षीय योजनाको स्रोत सहमति नदिएकाले बजेटखर्च कम देखिएको मन्त्रालयका सूचना अधिकारी पौडेलको भनाई छ । 'बहुवर्षीय योजनाको सहमति फागुन मसान्तसम्म दिइसक्नुपर्छ । अब सहमति दिइने भएकाले त्रैमासिकमा राम्रो बजेटखर्च हुने देखिन्छ', उनले भने । यसैगरी बागमती प्रदेश सरकारको आफ्नै राजश्वको स्रोत पनि कमजोर देखिएको छ । माघ मसान्तसम्म आफ्नै स्रोतबाट २ अर्ब ९ करोड ७५ लाख ५६ हजार रुपैयाँ मात्रै राजश्व संकलन गर्न सकेको देखिन्छ । माघ मसान्तसम्म ३० दशमलब ७३ प्रतिशत अर्थात १९ अर्ब ८३ करोड ६३ लाख ५७ हजार आम्दानी गरेको मन्त्रालयले जनाएको छ ।

बाँडफाँटबाट १२ अर्ब १४ करोड २६ लाख २४ हजार राजश्व प्राप्त गरेको मन्त्रालयका सूचना अधिकारी पौडेलले जानकारी दिए । उनका अनुसार संघीय सरकारबाट ५ अर्ब ४६ करोड ३६ लाख ५३ हजार रुपैयाँ अनुदान प्राप्त गरेको छ । बेरुजु तथा गतवर्ष २०८०/८१ को नगद मौज्दात १३ करोड २५ लाख २२ हजार रुपैयाँ थियो ।

## मकवानपुरगढीमा दाना उद्योग सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा रहेको पशुदाना उद्योग सञ्चालनमा आएको छ । २०७७ पुसमा मकवानपुरगढी गाउँपालिकाभित्रै कुखुरा र पशुका लागि दाना उत्पादन गर्ने योजनाअनुरुप निर्मित उद्योग आज बिहीवारबाट सञ्चालनमा ल्याइएको हो ।

गाउँमै दाना उद्योग स्थापना गर्ने मकवानपुरगढी जिल्लाकै एकमात्र स्थानीय तह हो । दाना उद्योगले २०७७ माघबाट परीक्षण उत्पादन गरेको थियो । डेढ वर्ष परीक्षण उत्पादन गरेको उद्योगलाई नियमित सञ्चालनमा ल्याउन लगानीको अभाव भएपछि उत्पादन रोकिएको थियो ।

दाना उद्योग संघीय सरकार, बागमती प्रदेश सरकार, गाउँपालिका र मकवानपुरगढी दुग्ध उत्पादक विशिष्टकृत सहकारी संघको संयुक्त लगानीमा स्थापना गरिएको हो ।

उद्योग निर्माणमा संघीय सरकारको १ करोड, प्रदेश सरकारको ३४ लाख, गाउँपालिका कार्यालयको डेढ करोड र बाँकी सहकारीको गरी साढे ४ करोड रुपैयाँ लगानी रहेको छ । 'परीक्षण उत्पादनबाट निस्किएको दाना बिक्रीको रकम पनि समयमै उठेन । अहिले थोरैमात्रै उठ्न बाँकी छ । सहकारीमा लगानी बढाएर अब नियमित सञ्चालन गर्ने गरी आजबाट काम सुरु गरेका छौं', मकवानपुरगढी दुग्ध उत्पादक विशिष्टकृत सहकारी संघका अध्यक्ष जनक रेग्मीले भने । संघले उद्योग सञ्चालनको जिम्मेवारी लिएको हो ।

मकवानपुरगढी वडा नम्बर ३ स्थित तल्लो कालिखोला दमारमा स्थापित उद्योगबाट आज ४० बोरा दाना उत्पादन भएको रेग्मीले बताए । लगानी जुटाउन नसक्दा उद्योग चल्न नसकेको र अब लगानी खोजेर सञ्चालनमा ल्याइएको ३ नम्बर वडाअध्यक्ष भागवत घिमिरेले जानकारी दिए । सहकारी संघमा शेयर लगानी पनि बढाइएको छ ।

पशुपालन र कृषिक्षेत्रमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन दाना उद्योग सञ्चालनमा ल्याइएको गाउँपालिकाको पूर्वअध्यक्ष बिदुर हुमागाईं बताउँछन् ।

मकवानपुरगढीमा ९० प्रतिशत किसान पशुपालनमा आत्मनिर्भर छन् । उद्योगको प्रतिघण्टा २० बोरा दाना उत्पादन गर्ने क्षमता छ । 'उद्योग ठूलो क्षमताको हो । यसले मकवानपुर गढीको मात्र नभई जिल्ला भरकै मागलाई पूरा गर्न सक्छ', वडाध्यक्ष घिमिरेले भने । उद्योगबाट पशुका लागि मासि र कुखुराका लागि गोटी दाना उत्पादन हुने जनाइएको छ । उद्योग पूर्णक्षमतामा सञ्चालन भए १० जनाले रोजगारी पाउनेछन् ।

## निष्काशित श्रमिक र उद्योग प्रशासनबीच वार्ता

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको एन्टारटिक बिस्कुट प्रा.लि.का निष्काशित श्रमिक र उद्योग प्रशासन बीच वार्ता भएको छ ।

श्रम कार्यालय हेटौंडामा बिहिबार भएको वार्तामा निष्काशन गरिएका ९६ जना श्रमिकलाई रोजगारपत्र दिने सम्झौता भएको छ । थप ६ जनालाई नियमित रोजगार प्रदान गर्ने गरी १ सय २ जनालाई श्रमिकलाई नियमित गराउने सहमति भएको समग्र उद्योग ट्रेड युनियन मकवानपुरका अध्यक्ष केशवप्रसाद अधिकारीले बताए ।

परीक्षण अवधि सकिएका श्रमिकलाई श्रम ऐन बमोजिम स्थायीनियुक्ति गर्ने सहमति गरेको उद्योगले आफ्नै लिखित प्रतिबद्धता बिपरीत श्रमिकलाई निष्काशन गरेपछि श्रमिकहरु आन्दोलित भएका थिए । उद्योगमा हाल ४ सय भन्दा कामदार कर्मचारी कार्यरत छन् ।

## ५१ जनाले गरे रक्तदान




साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ अनेरास्ववियु मकवानपुर बहुमुखी क्याम्पसको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । मकवानपुर बहुमुखी क्याम्पसमा बिहिबार भएको रक्तदानमा ५१ जनाले रक्तदान गरेका हुन् ।

क्याम्पस कमिटीका संयोजक प्रसिद्ध रेग्मीले रक्तदान गरेर कार्यक्रमको उद्घाटन गरेकी हुन् । कार्यक्रममा कमिटीका संयोजक रेग्मीको सभाध्यक्षता तथा अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य आकाश अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । अनेरास्ववियु बागमती प्रदेश कमिटी सदस्य तथा प्रचारप्रसार बिभागप्रमुख भुपेन्द्र रानामगरको बिशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोग रहेको थियो । रगतको अभाव रहेको बेला बिरामीमा सहयोग पुऱ्याउने उद्देश्यले रक्तदान आयोजना गरिएको कमिटीका सदस्य निशान भण्डारीले जानकारी दिए । कार्यक्रममा अनेरास्ववियु मकवानपुर जिल्ला कमिटी उपाध्यक्ष नवराज शर्मापौडेल, शिव पुलामीमगर, जिल्ला कमिटी सहसचिव जस्प्रिता अधिकारी, अनेरास्ववियु मकवानपुर कोषाध्यक्ष ईशा पाख्रिन, मकवानपुर बहुमुखी क्यामपस स्ववियु सदस्य उन्नत देवकोटा, अभिषेक दाहाललगायतको उपस्थिति रहेको थियो ।

## प्रसूति विभागका २ सिटमा पीजी अध्ययन गराइने




साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्त्री तथा प्रसूति विभागका २ सिटमा स्नातकोत्तर तहको विशेषज्ञ स्वास्थ्य शिक्षा (पीजी) अध्यापन गराउने भएको छ ।

चिकित्सा शिक्षा आयोगले तोकेको सिट अनुसार प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पतालमा स्त्री तथा प्रसूति विभागको २ सिटमा पीजी अध्यापन गराइने भएको हो । बागमती प्रदेश सरकारको लगानीमा चिकित्सा शिक्षा आयोगले प्रतिष्ठानलाई हेटौंडा अस्पतालमा स्त्री तथा प्रसूति विभागको २ सहित अन्य विभिन्न विभागका ८ सिट विशेषज्ञ स्वास्थ्य शिक्षा पढाउने भएको प्रतिष्ठानका सूचना अधिकारी अमर अधिकारीले जानकारी दिए ।

अधिकारीका अनुसार प्रतिष्ठानका लागि आयोगले स्त्री तथा प्रसूति विभागका २ र फिजिसियन, सर्जरी विभाग, बालरोग विभाग, हाडजोर्नी तथा नशारोग विभाग, फेमिली फिजिसियन, एनेस्थियोलोजिका १/१ सिटमा अध्यापन गराउने गरी अनुमति प्राप्त भएको छ । पीजी कक्षा सञ्चालन गर्दा अस्पतालको स्वास्थ्यसेवाको गुणस्तर सुधार हुनुका साथै विद्यार्थीले नवीनतम चिकित्सा ज्ञान तथा प्रविधिको प्रयोग गरेर उपचार प्रक्रियालाई प्रभावकारी बनाउन मद्दत गर्ने उनको भनाई छ ।

विशेषज्ञ चिकित्सा सेवाहरु विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । पीजी कक्षा सञ्चालनबाट विशेषज्ञ चिकित्सकको निगरानीमा विद्यार्थीहरु रहने र सेवा थप व्यवस्थित हुने उनले विश्वास व्यक्त गरे । पीजी अध्यापनमार्फत् बिरामीको उपचारमा सुधार ल्याउनुको साथै प्रशिक्षित चिकित्सकमा दक्षता र अनुभव वृद्धि हुने उनले बताए । विद्यार्थीले तिर्ने शुल्कबाट अस्पतालको आम्दानी बढ्ने र विशेषज्ञ सेवामार्फत् बिरामीको उपस्थिति बढ्ने उनले बताए । विद्यार्थीसँगको सहकार्यमा अस्पतालले नयाँ विशेषज्ञ सेवा तथा विभागहरु खोल्न सहयोग पुग्ने अधिकारीले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality सँगै समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्राः
मिति :२०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# शिक्षामा लगानी बढाउ

यतिबेला सामुदायिक विद्यालयको गुणस्तरको विषयमा ब्यापक चिन्ता ब्यक्त भइरहेका छन् । अझ सामाजिक संजालमा हेर्ने हो भने शिक्षकलाई तथानाम गालिगलौजको भाषा प्रयोग भइरहेको छ । सामुदायिक विद्यालयहरु वडाको राजनीत गर्ने थलोको रुपमा विकसित भएको छ । अभिभावकको आरोप शिक्षकले पढाएनन् भन्ने छ । शिक्षकले दोष विद्यार्थीमाथि थापरिरहेका छन् । पछिल्लो समय विद्यार्थीले पढाइमा ध्यान दिनै छोडेका छन् । कोभिड-१९ महामारीपछिका दिनमा बालबालिकाको सिकाइउपलब्धीमा लगातार ह्रास आइरहेको छ । कतिपय पालिकाहरुले मन नपरेका शिक्षकलाई सरुवालगायत बिभिन्न बहानामा तनाव दिएका छन् । एउटा शिक्षक उच्चमनोबलका साथ कक्षाकोठामा पस्ने वातावरण नबनेसम्म शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुनै सक्दैन । भौतिक संरचना कमजोर भएका सामुदायिक विद्यालयमा स्थानीय सरकारको चासो कम छ । विद्यालय शिक्षाको पूर्वाधारमा लगानी गर्न स्थानीय सरकारलाई 'काउसोको माला' झैं भएको छ । शिक्षकले तलब मात्र खान्छन्, कक्षाकोठामा प्रभावकारी काम भएन भन्ने गलत भाष्य स्थापित गरिएको छ । यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयमा सुधार गर्न सकिन्छ भनेर केही उदाहरणीय प्रयासको थालनी भएका छन् ।

सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारलाई सदुपयोग गर्ने र विद्यार्थीलाई अध्ययनको वातावरण बनाउने हो भने परिवर्तन सम्भव छ भनेर लाग्नेहरुको संख्या पनि बढेको छ । विद्यालय शिक्षा विधेयकको दफावार छलफल गर्न बोलाइएको बैठकमा अधिकांश सांसद अनुपस्थित भएकै कारण बैठक स्थगित भएको समाचार आएको छ । सांसदहरु नै बैठकमा नआएपछि खोजी भएको थियो । समितिका सभापतिले बैठक स्थगित भएको जानकारी गराउँनु पर्ने अवस्था भनेको लाजमर्दो कुरा थियो । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिको बैठकमा विद्यालय शिक्षा विधेयकमाथि छलफल गर्ने कार्यसूची थियो । तर, निर्धारित समयमा समितिमा भएका २४ सदस्य मध्ये १० जना मात्रै उपस्थित भएपछि बैठक नै स्थगित भएको थियो । आफूलाई शिक्षा दिने गुरुबर्ग वा शिक्षकलाई गाली गर्न जानेका शिक्षाप्रेमीको सामाजिक संजालमा किन यो समाचारले स्थान पाउन सकेन ? शिक्षामा भएको प्रहारले देशलाई नै ध्वस्त बनाउन सक्ने तर्क गरिन्छ । नेपाललाई ध्वस्त बनाउन शिक्षाक्षेत्र तहसनहस बनाइदिए पुग्छ । शक्तिकेन्द्रको यही अभियानलाई हाम्रा सामाजिक संजालका उपभोक्ताहरुले बिनापैसा साथ दिइरहेका छन् । थोरै भएपनि सकारात्मक भएर प्रतिक्रिया दिने हो भने आशा पलाउन सुरु हुने थियो । एस्ट्रोनोभा फाउन्डेसन नेपालले केही दिनअघि हेटौंडामा शिक्षण सिकाई प्रक्रियामा स्टीम पेडागोजीलाई कसरी एकीकृत गरी शैक्षिक गुणस्तर हासिल गर्न सकिन्छ भन्ने विषयमा बहस गरेको थियो । तर, यसले निरन्तरता पाउन सकेन ।

विद्यालयमा शिक्षण सिकाइमा काठमाडौं विश्वविद्यालयको सहकार्यमा हेटौंडाका सामुदायिक तथा निजी विद्यालयका संचालक तथा प्राचार्यहरुसँग छलफल गरेको हो । यो बहसले सामुदायिक विद्यालयमा विद्यार्थीको रुचिअनुसार पढाउन सके शिक्षाको क्षेत्रमा ठुलो परिवर्तन आउने एष्ट्रोनोभा फाउन्डेसनको धारणा छ । छलफलमा काठमाडौं विश्वविद्यालयका एजुकेसनका एसोसिएट डीन, प्राडा. हेमराज काफ्लेले प्रधानाध्यापकको नेतृत्व भूमिकाबारे आफ्नो अनुभव सेयर गरेका थिए । प्रधानाध्यापकको नेतृत्व सवल र सक्षम हुने हो भने विद्यालय सफल हुन धेरै पर्खनु पर्दैन । तर, हाम्रो समाजमा राम्रो गर्न खोज्ने प्रअलाई हटाउने खेल सुरु भइहाल्छ । यस्तो खेल गाउँघरमै हुन्छ टाढा जानै पर्दैन । सामुदायिक विद्यालयमा देखिएका समस्या चनौती मात्र होइन अवसर पनि हो । शिक्षामा केही भएन भनेर शिक्षकलाई गाली मात्र गरेर सिकाईउपलब्धी बढ्दैन । शिक्षकलाई कक्षाकोठामा उच्चमनोवलका साथ प्रबेश गर्ने वातावरण बनाउने र विद्यार्थी केन्द्रित बिधिका बारेमा स्थानीय सरकारले पर्याप्त लगानी गर्न जरुरी छ । समयसापेक्ष शिक्षा प्रदान गर्न नसकेको खण्डमा १२ कक्षापछि उच्चशिक्षाका लागि विद्यार्थी नेपालमा अड्याउन सकिने अवस्था छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १० गते शनिबार २२ फेब्रुअरी २०२५ । नवमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३७, सूर्यास्त ५:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# प्रजातन्त्रका बहुपक्षीय आयाम



✍ मनोहर कार्की

नेपाली जनताको लामो संघर्ष, आन्दोलन र राजनीतिक परिचालनको सोपानका रुपमा नेपालको संविधान २०७२ कार्यान्वयनमा छ । प्रजातन्त्रको संस्थागत विकास र यसका आयामले जनजीविकाका सवाललाई सम्बोधन गर्न सकेको खण्डमा इतिहासप्रति न्याय हुनेछ । राजनीतिक परिवर्तन र क्रान्तिसोपानमा योगदान दिने सबैको सम्मान र प्रजातन्त्रको सफल मापन हुन सक्छ । राजनीतिक विकासक्रममा प्रजातन्त्र, बहुदलीय व्यवस्थासहितको प्रजातान्त्रिक व्यवस्था र संघीय लोकतान्त्रिक व्यवस्थाबाट मुलुक अघि बढ्दै रहेको छ ।

यसै सन्दर्भमा नेपालको प्रजातान्त्रिक आन्दोलनमा वि.सं. २००७ फागुन ७ गतेको ऐतिहासिक दिन प्रत्येक नेपालीको मानसपटलमा सधैँ ताजा रहेको छ । प्रजातान्त्रिक आन्दोलनका क्रममा विभिन्न समयमा कैयौँ शहीदहरुको वीरता र सहादतको उत्सर्ग र तात्कालिक आन्दोलनकारी नेपाली कांग्रेसको अगुवाइ तथा राजा त्रिभुवनको साथ र सहयोग अनि भारतीय सदासयताका कारण २००७ सालको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन सफल भई फागुन ७ गतेका दिन नेपाली आकाशमा नयाँ बिहानी उदाएको हो ।

दिल्ली सम्झौताका नामले परिचित त्रिपक्षीय सम्झौताका रुपमा आन्दोलनकारी नेपाली कांग्रेस-राजा, राणाशाही पक्ष र भारतीय समन्वयकारी भूमिकामा देशव्यापी आन्दोलन र विरोध एक सम्झौतामा टुंगियो । जसलाई दिल्ली सम्झौताका रुपमा पनि बुझ्न सकिन्छ । यसै ऐतिहासिक सम्झौतापश्चात् १०४ वर्षीय निरंकुश राणाशासन अन्त्य भई मुलुकमा प्रजातन्त्र संस्थापन भयो । प्रजातन्त्र स्थापनापछि यसको संस्थागत विकासमा आरोह र अवरोहका समय करिब १० दशकसम्म रह्यो ।

त्यो समय राजनीतिक इतिहासमा संक्रमणकालीन अवस्थाका रुपमा लिन सकिन्छ । २००७ सालदेखि २०१५ सालको समयावधिमा मुलुक अस्थिर र सत्ताको खिचातानीको सिकार भइरह्यो । नेपाल अधिराज्यको संविधान २०१५ जारी भई पहिलो बहुदलीय प्रणालीमा आधारित संसद्को निर्वाचनपश्चात् नेपाली कांग्रेसले अत्यधिक बहुमत प्राप्त गर्‍यो । नेपाली कांग्रेसका संसदीय दलका नेता विश्वेश्वरप्रसाद कोइराला नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री हुनुभयो ।

उहाँले नेतृत्व गर्नुभएको लोकप्रिय सरकारले करिब १८ महिना अवधिको छोटो समय कार्य गर्दा पनि देशमा बहुआयामिक परिवर्तन र युगान्तकारी कार्य भए । विडम्बना नै भन्नुपर्दछ, बीपीको सरकारले केही वर्ष राज्यव्यवस्था सञ्चालन गर्न पाएको भए मुलुकले धेरै अघि विकासको छलाङ मारिसकेको हुन्थ्यो । राणाशासनकै झल्को दिने गरी २०१७ साल पुस १ गतेको शाही कुले मुलुक पून: तीन दशक निरंकुशता, दलविहीन तथा गैरप्रजातान्त्रिक बाटोमा धकेलियो । २०४६ को ऐतिहासिक जनआन्दोलनपश्चात् नेपालमा फेरि प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो । मुलुक प्रजातन्त्र, बहुलवादी समाज, प्रेस स्वतन्त्रता र मानवअधिकारको प्रत्यभूतिसहितको बहुदलीय पद्धतिमा अघि बढ्यो ।

मुलुक संघीयताको अभ्यासमा अभ्यस्त भएको पनि करिब एक दशक हुन लागेको छ । यसबीचमा तीन तहका सरकार जनताका आवश्यकता र विकासका रुपान्तरणकारी परिणाममा केही छनक देखिएका छन् । संघीय शासन प्रणाली प्रयोग र अभ्यासमा अभ्यस्त गराउँदै जनजीविका र विकासमा जनसहभागितालाई मुखरित गरी आएको छ । स्थानीय निकाय जसले स्थानीय सरकारका रुपमा काम गर्दै आएका छन्, तिनका कार्यप्रणालीमा जनमुखी, उत्तरदायीबोध तथा पारदर्शितासहित विकासका आयामलाई अझ परिमार्जन आवश्यक छ ।

हामीले अभ्यास गरी आएको संघीय लोकतान्त्रिक शासन प्रणालीका केही सारभूत विशेषता रही आएका छन् । राज्यशक्ति, राज्य सञ्चालनका विधि र मान्यतामा सारभूत परिवर्तन ल्याएका छौं । सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुर्‍याउने मूल ध्येयलाई करिब एक दशकको अभ्यासले केही हदसम्म रुपान्तरणकारी छनक दिन खोजेको छ । स्थानीयस्तरमा जनप्रतिनिधिमूलक संस्थाका क्रियाशीलता र सक्रियतामा उत्साह देखिएको छ ।

विकासलाई सामान्य जनमानसले बुझ्ने पाटोका रुपमा सडक, खानेपानी, विद्यालय शिक्षा, स्वास्थ्यसेवालगायतका विकाससँग जोडिएका क्रियाकलापमा जनताले अवश्य पनि अनुभूति महसुस गरेका छन् । नकारात्मक भाष्यले हाम्रो समाजमा जरो गाडेको छ । केही भएन, केही हुँदैन, सरकारको अनुभूति नै भएन भन्नेजस्ता अनर्गल प्रचारबाजी चली नै रहलान् । आजका सचेत जनता निकै कुरा बुझ्छन् र त्यसको प्रतिवाद गर्ने शक्ति र तागत पनि जनतामा छ । विकास र परिवर्तनको आभास गाउँबेंसी र दूरदराजका पाखापखेरोसम्म पुगेका छन् ।

ठुला कुरा गर्ने र अनर्गल प्रचारबाजी दुवै लोकतन्त्र र समावेशीताका विरोधी हुन् । हामीले अपनाई आएको संघीय शासन प्रणालीका केही सारभूत विशेषता रहेका छन् । यसले शक्तिलाई निरन्तर विकेन्द्रीत गर्ने हुँदा राज्य सञ्चालन, शक्ति र व्यवस्थापकीय अभ्यासमा सामान्य जनताको सहज पहुँच रहन्छ । कार्यशैली र कार्यसम्पादनका समूल पक्षमा प्रतिस्पर्धात्मक वातावरण रहने हुनाले प्रदेश-प्रदेशका बीचमा विकास कार्य र सेवाप्रदायकतामा प्रतिस्पर्धाको सकारात्मक अभ्यासले निरन्तरता पाउँछ । जातीय, सांस्कृतिक, भाषिक, भौगोलिक विविधता र पहिचानको समान अवसरको संस्थागत विकास हुन्छ ।

साथै प्रचलित विधि र मान्यताअनुसार शक्ति सन्तुलन र नियन्त्रणका प्रायोगिकताको समेत संस्थागत विकास हुने प्रचुर सम्भावना रहन्छ । लोकतन्त्र र संघीयता अब पर्यायवाची भैसकेका छन् । संघीयतामा चुरो र मर्मलाई आत्मसात् गर्ने विधि र परिपाटीका पदचाप आवश्यकता हो । जनउत्तरदायी, पारदर्शी तथा वित्तीय सबलीकरणसहितको समावेशी पहिचानको कार्यपद्धतिको परिपालना हुनुपर्दछ । विधिको शासन र जनउत्तरदायी सरकार सञ्चालनको विधि हुनुपर्दछ । तब मात्र खास मानेमा प्रजातन्त्र, लोकतन्त्र जे बुझ्दा पनि सार्थकता पाउला । जनप्रतिनिधिमूलक संस्थाको जनताप्रतिको दायित्व र विकास तथा समृद्धिका आधारलाई आमजनताको सरोकारका रुपमा उजिल्याउने सत् प्रयासलाई बोधगम्यता दिन र गत्यात्मक विधि र प्रक्रियालाई संविधानका भावना र मर्मअनुसार उजागर गरिनु युक्तिसंगत कथन हुन सक्ला ।

विकास र रुपान्तरणका दिशामा सरकारको सेवाप्रवाहको गति तथा विकासका कदमबाट हित समूह तथा आमजनता सन्तुष्ट हुन नसकिरहेको तथ्यलाई मनन गरी फरक तथा गुणात्मक परिवर्तनको अनुभूति आमजनतामा सञ्चार गर्नुपर्नेछ । लोकतन्त्र जनताको आस्था र धरोहर हो । जनताका प्रतिनिधिमूलक संस्थाको क्रियाशीलता र जनचाहना सम्बोधन गर्ने विकासलाई अघि बढाउन सके सही मानेमा लोकतन्त्र जनमुखी व्यवस्थामा रुपान्तरण हुन सक्छ । समृद्ध र बलियो अर्थतन्त्र निर्माणका लागि कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास, पर्यटन र ऊर्जाका विकासका खाकाले निरन्तरको गत्यात्मकता पाउनुपर्दछ ।

स्थायित्व तथा लोकतन्त्रको जगका रुपमा रहेको स्थानीय तहहरुको क्रियाकलाप तथा स्थानीय सरकारको काम गराइले अनुभूति दिनु छ । संघीय प्रणालीको सफल कार्यान्वयनको सवालमा वित्तीय सबलीकरण तथा पारदर्शिता अपरिहार्य छ । स्थानीय सरकारले जनताका आवश्यकता निहित वित्तीय र विकास नीति लागू गर्नुपर्दछ । विकास र सेवाप्रवाहमा गुणात्मकता आउन सकेमा परिवर्तन र संघीयताको महत्व उजागर हुने थियो । जनताले परिवर्तन र रुपान्तरणको स्थायी आयामको पैरवी गरिरहेको सन्दर्भमा जनप्रतिमूलक संस्था अझ जवाफदेही, उत्तरदायी तथा पारदर्शिता हुन सकोस् । राजनीतिक स्थिरता, कानुनी शासनको दिशामा राजनीतिक दल र राज्य सञ्चालक निकायको महत्वपूर्ण भूमिका रहन्छ । राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सकेनन् भने त्यस्ता दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालमा राष्ट्रिय राजनीतिको मियो थेग्न हम्मेहम्मे पर्दछ । क्रियाशील तथा चलायमान राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सक्नुपर्दछ । कुनै पनि निर्वाचन त्यसको कसी हो ।

आवधिक निर्वाचनले राजनीतिक दल तथा दलका सदस्य अनि हित समूहलाई क्रियाशील तथा गत्यात्कता दिन्छ । हालै सम्पन्न स्थानीय तहको उपनिर्वाचनले मुख्य राजनीतिक दलको जनमतको सतहमा रही विश्लेषण गरेको छ । निर्वाचन जनताका निर्वाचित संस्थालाई जीवन्तता दिने आधार हुन् । जनता र लोकतान्त्रिक व्यवस्थाका मूल्य-मान्यतालाई राजनीति, तिनका भर्तीकेन्द्र तथा राजनीतिक शक्तिकेन्द्रले मियोका रुपमा लिएर अघि बढे लोकतन्त्रको संस्थागत विकास हुन सक्छ । जनता र जनताका संगठनका बीचमा गतिलो सहकार्य निर्माण गर्न सकिएको खण्डमा लोकतन्त्रको संस्थागत विकासले अभ्युत्थान हुने अवसर प्राप्त गर्दछ । त्यसको बलियो आधार स्थानीय तह र तिनको परिचालन हो । संविधानमा अन्तरनिहित जनमुखी, जनउत्तरदायी सरकारको संस्थागत विकासतर्फ हाम्रा राजनीतिक संस्कृतिले गत्यात्मकता लिनुपर्दछ ।

लोकतन्त्र भन्नु नै स्वतन्त्रता, फरक विचार र मान्यताको अनुकूल वातावरणको सिर्जना हो । चलन र अभ्यासमा संवैधानिक तथा कानुनी प्रत्याभूति दिन सक्नुपर्दछ । प्रेस स्वतन्त्रता, विधिको शासन, बहुलवाद तथा मानवअधिकारका आधारभूत मान्यतालाई उच्च प्राथमिकता दिनुपर्दछ । कानुन र विधिले सबलीकरण गरिनुपर्छ । तब संघीय लोकतन्त्र संस्थागत विकासमा कोसेढुंगा साबित हुन सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सत्ताका सामु घुँडा टेक्नेहरू, सत्यका लागि लड्नेहरू

✍ क्रान्तिशिखा

राजनीति होस् या समाज, सत्तामा रहेका व्यक्तिहरूसँग नजिक हुन चाहने प्रवृत्ति हामी धेरैमा देखिन्छ । यो प्रवृत्ति हाम्रो स्वभावको एक अंश बनिसकेको छ । एउटा प्रसिद्ध भनाइ नै छ- "पावर स्पीक्स लाउडर देन सेल्फ-रिस्पेक्ट, स्पेसियली व्हेन इट्स ईजियर टु सेल योर डिग्निटी फर अ टेस्ट अफ कन्ट्रोल ।" अर्थात् शक्ति आत्मसम्मान भन्दा चर्को स्वरमा बोल्छ, विशेषगरी जब आत्म-नियन्त्रणको परीक्षणको लागि आफ्नो मर्यादा बेच्न सजिलो भइरहेको हुन्छ । आफूलाई जसरी व्यवहार गरिएको होस्- हेपिएको, थचारिइएको, मिचिएको ! केही फरक पर्दैन ! शक्ति जसको हातमा, भक्ति त्यसको चरणमा ! अगाडि को जाने प्रतिस्पर्धा सुरु हुन थालिहाल्छ । तर, यो के अवसरको लागि मात्रै हो ? कि यसको पछाडि कुनै गहिरो मानसिक प्रवृत्ति छ ?

राजनीतिक र सामाजिक परिप्रेक्ष्यमा सत्तामा रहेका व्यक्तिहरूसँग सहकार्य गर्ने मानिसहरूमा एक गहिरो मनोवैज्ञानिक प्रवृत्तिको छाया हुन्छ । यो व्यक्तिगत स्वार्थ र लाभमा मात्रै आधारित छैन, यसमा मानसिक र सामाजिक तत्त्व दुवै हुन्छन् । सामाजिक लगभग छरपस्ट नै हुन्छ । मानसिक त्यति सहजै देखिँदैन । तर फेरि यसैले मानिसहरूको सोच र क्रियाकलापलाई मार्गदर्शन गरिरहेको हुन्छ । बुझ्नुपर्ने कुरा यस्तो मानसिकता के कारण उत्पन्न हुन्छ ? किन मानिसहरू सत्तामा रहेका व्यक्तिहरूसँग जोडिन चाहन्छन्, किन सत्ता र शक्तिमा हुँदा व्यक्तिहरू आत्मसम्मानलाई झोलामा कैद गर्न पछि पर्दैनन् ? यसको जवाफहरू हाम्रो समाजको संरचना र हाम्रो सोचका कन्दरामा लुकेका हुन्छन् ।

### नेपालमा सिस्टम जस्टिफिकेशन : सत्ता, अस्थिरता र इतिहासको पुनरावृत्ति

नेपालमा सत्ता जोगाउने खेल, अनिश्चितता र अनैतिक राजनीतिक व्यवहारले नागरिकहरूमा लर्न्ड हेल्पलेसनेस (आर्जित असहायता) विकसित गराइरहेको छ । जसले गर्दा नागरिकहरूलाई परिवर्तन असम्भव जस्तो लाग्न थालेको छ । बारम्बार अन्याय र निष्क्रिय प्रतिरोध देख्दा निराश भएर मौन बसिरहेका छन् । राजनीति र मूल्यमान्यता बीचको अन्तरले कग्निटिभ डिजोनेन्स अर्थात् संज्ञानात्मक असमञ्जस्य सिर्जना गर्छ । जसले मानसिक तनाव उत्पन्न गराउँछ । अन्तत: सम्झौता गर्न बाध्य पार्छ । सिस्टम जस्टिफिकेशन थ्यौरी अनुसार, नागरिकहरू अन्यायपूर्ण प्रणालीलाई नै स्वाभाविक मान्न थाल्छन्, जसले योग्य, सक्षम र इमानदार व्यक्तिहरूलाई राजनीतिबाट टाढा राख्छ । जब स्वतन्त्र सोच्नेहरू दबिन्छन्, अवसरवादी मौलाउँछन्, भ्रष्टाचार संस्थागत बन्छ र लोकतन्त्रको आत्मा कमजोर पर्छ । नेपालमा भइरहेको ठ्याक्कै यही हो ।

यो चक्र तोड्न निष्पक्ष संस्थाहरू शक्तिशाली, लोकतान्त्रिक मूल्यहरूको पुनर्स्थापना र सशक्त नेतृत्व आवश्यक हुन्छ । परिणाम स्वरूप, नागरिकहरूमा राजनीतिक उदासीनता बढ्छ । यसैले उनीहरूलाई राजनीतिक प्रक्रियाबाट विमुख बनाउँछ, असल नेतृत्व उब्जने सम्भावना घट्छ र दीर्घकालीन रूपमा लोकतन्त्रप्रति अविश्वास बढ्दै जान्छ ।

### अन्याय, भ्रष्टाचार र मौनताको मनोवैज्ञानिक प्रभाव

अझ अर्को डरलाग्दो यथार्थ हेरौं ! नेपालमा अन्याय, भ्रष्टाचार र दमन विरुद्ध समाज मौन छ । वर्षौंदेखि राजनीतिक अस्थिरता, सत्ताको दुरुपयोग र कमजोर शासनका कारण नागरिकका अधिकार कुण्ठित भइरहेका छन् । जनता किन मौन छन्, ? जब अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार विरुद्ध कारबाही गर्न असफल हुन्छ, जब न्यायालयभित्रै घुसपैठ हुन्छ, जब विकासका नाममा अरबौं रुपैयाँ ठेकेदार र नेताको खल्तीमा जान्छ, जब मिडियाले तथ्य तोडमोड गर्छ, जब कानुनको पालना गर्ने संस्थाहरू सत्तासामु झुक्न बाध्य हुन्छन्, तब नागरिकहरू असन्तुष्ट भए पनि निर्णायक दबाब सिर्जना हुँदैन । सडकमा आक्रोश देखिन्छ, तर परिवर्तनका लागि सङ्गठित प्रतिरोध खडा हुँदैन । बेरोजगारी, गरिबी र अवसरको अभावले जनता दैनिक सैर्षमै अल्झिन बाध्य छन्, जसले उनीहरूलाई मौन बस्न विवश बनाइरहेको छ ।

मनोवैज्ञानिक रूपमा, यो बाइस्ट्यान्डर इफेक्ट हो, जहाँ अन्याय देखेर पनि प्रतिरोध हुँदैन । नागरिकहरू सत्ताको गलत क्रियाकलाप देखिरहेका हुन्छन्, तर "म एक्लै के नै गर्न सक्छु ?" भन्ने सोचले जनतालाई निष्क्रिय राख्छ । सामाजिक सञ्जालमा आक्रोश पोखिए पनि, वास्तविक जीवनमा प्रतिरोध नगर्ने प्रवृत्ति नेपालमा मौलाउँदै गएको छ । यसको जरा त्रासद मानसिकतामा गाडिएको हुन्छ । जब फरक विचार राख्नेमाथि राज्यले दमन गर्छ, जब असहमतिको स्वर दबाइन्छ, जब प्रतिस्पर्धीलाई झुटा मुद्दा लगाएर राजनीतिक वा सामाजिक रूपले हराइन्छ, तब नागरिकहरू स्वत: मौन बस्न बाध्य हुन्छन् । यसले क्रमश: सामूहिक निष्क्रियताको रूप लिन्छ, जसले परिवर्तनको सम्भावनालाई कमजोर बनाउँछ । जब सत्ता कमजोर हुन्छ, तर आफ्नो अस्तित्व जोगाउन जुनसुकै हत्कण्डा अपनाउन पछि पर्दैन, त्यसको सबैभन्दा ठूलो हतियार भनेकै जनताको मौनता हो । जब नागरिकहरू मौन रहन्छन्, जब अन्याय सामान्य बन्छ, तब सत्ताले आफ्नो मनपरी गर्छ । अहिले नेपालमा बाइस्ट्यान्डर इफेक्ट गहिरो रूपमा काम गरिरहेको छ, जहाँ अन्याय देखेर पनि नागरिकहरू हस्तक्षेप गर्न सक्दैनन् । तर, के यो मौनता सधैं रहन्छ ? इतिहासले देखाएको छ, जब मौनता चर्को चीत्कारमा परिणत हुन्छ, तब व्यवस्था हल्लिन्छ । जनता जब एकजुट भएर उठ्छन्, तब शक्तिसँग डराउन बाहेक अर्को विकल्प रहँदैन !

### अधिकार र शक्ति : कन्फर्मिटी र समाजमा अन्यायको स्वीकृतिसँगको सम्बन्ध

सामाजिक संरचनामा यो प्रकारको भय र दबाबले गर्दा मानिसहरूको स्वतन्त्र सोच र निर्णयको शक्ति समाप्त हुन्छ र उनीहरू सत्ताको पक्षमा उभिन बाध्य हुन्छन् । यसैले, "कन्फर्मिटी" वा "सामाजिक सहमति" भनेको सम्भवत: डर र अन्यायको स्वीकृतिको परिणाम हो, जसले मानिसहरूको वास्तविक इच्छा र मानसिकता प्रकट गर्न जटिल बनाउँछ । नेपालमा राजनीतिक दल र नेताहरूको हालको व्यवहार नियाल्दा स्पष्ट देखिन्छ उनीहरू नीतिभन्दा सत्तामा टिकिरहने रणनीतिमा केन्द्रित छन् । सत्तामा रहन गठबन्धनहरू बनाउने र भत्काउने क्रम निरन्तर जारी छ, जसमा विचारधारा वा सिद्धान्तको भूमिका कम देखिन्छ । यसले राजनीतिलाई जनसेवा र सुशासनको लक्ष्यबाट विचलित गरी केवल अस्तित्वको खेल बनाइदिएको छ । धेरैजसो नेताहरूको प्राथमिकता नीति बनाउनुमा भन्दा बढ्ता सत्ता जोगाउनुमा रहेको छ । उनीहरू जनताको पक्षमा निर्णय गर्नुभन्दा सत्तासीन शक्तिहरूसँग सौदाबाजी गर्न व्यस्त देखिन्छन् । जसले प्रभावशाली शक्ति केन्द्रहरूसँग मिलेर अघि बढ्छ, उही सुरक्षित रहन्छ । यसै कारण दलभित्र असहमति राख्नेहरूलाई निष्क्रिय पारिन्छ, बदनाम गरिन्छ, या त पार्टीबाटै बाहिरिन बाध्य पारिन्छ । विचार स्वतन्त्रताको सट्टा सत्ता जोगाउने रणनीतिले नेपालको लोकतान्त्रिक मूल्यहरूलाई कमजोर बनाइरहेको छ ।

दलभित्र सुधारको प्रयास गर्नेहरूलाई हतोत्साहित गरिन्छ । प्रतिपक्षमा हुँदा जे आलोचना गरिन्छ, सत्तामा पुगेपछि उही व्यवहार अपनाइने दोहोरो चरित्रले राजनीतिप्रतिको जनताको विश्वास कम हुँदै गएको छ । सत्यको परिभाषा पनि सत्ता अनुसार बदलिन्छ । सत्ता कसको हातमा छ भन्ने आधारमा सही-गलत परिभाषित गरिन्छ । जब सत्ताले आफूलाई चुनौती दिनेहरूलाई दण्डित गर्छ, आलोचनालाई असहिष्णु रूपमा लिन्छ र विचार स्वतन्त्रतालाई सीमित बनाउँछ, तब नैतिकता विलासिता बन्छ, इमानदारी जोखिम बन्छ र स्वतन्त्र सोच्नेहरू मौन बस्न बाध्य हुन्छन् । यस्तो अवस्थामा, समाजमा बाँच्नकै लागि सम्झौता गर्ने प्रवृत्ति हाबी हुन्छ । योग्य, सक्षम र परिवर्तन चाहने मानिसहरू राजनीति वा सार्वजनिक सेवामा आउन हिचकिचाउँछन् । किनभने सत्ताको समीकरणमा नपरेसम्म, इमानदार व्यक्तिहरूलाई लाचार बनाइन्छ र जसले सत्ता पक्षको समर्थन गर्छ, उही टिक्छ । यसरी, पुराना दलहरू र नेताहरूको व्यवहारले नेपालमा राजनीति नीतिमूलकभन्दा पनि शक्ति, प्रभाव र अस्तित्वको खेलमा सीमित हुँदै गएको देखिन्छ ।

सोलोमन आस्चको कन्फर्मिटी प्रयोग (१९५१) ले देखाएको छ कि मानिसहरू समूहको दबाबमा आएर गलत भए पनि अनुसरण गर्छन् । यस प्रयोगमा, सहभागीहरूलाई विभिन्न लम्बाइका रेखाहरू देखाइयो र सही मिल्ने रेखा छान्न लगाइयो । जब उनीहरू एक्लै थिए, उनीहरूले सहजै सही उत्तर दिए । तर जब समूहका अन्य सदस्य (जो वास्तवमा अनुसन्धानकर्ताका सहयोगी थिए) जानाजान गलत उत्तर दिन थाले, तब ७५ प्रतिशत सहभागीहरूले कम्तीमा एक पटक समूहकै गलत उत्तर स्वीकारे । यसले के देखाउँछ भने मानिसहरू अरूले के गरिरहेका छन् भन्ने आधारमा आफ्नो निर्णय परिवर्तन गर्न बाध्य हुन्छन्, चाहे त्यो गलत नै किन नहोस् । यही सिद्धान्त राजनीति र सत्ता व्यवस्थापनमा पनि लागू हुन्छ । यदि सत्तामा रहेका व्यक्तिहरूसँग सहकार्य गर्दा व्यक्तिगत अस्तित्व सुरक्षित रहन्छ र सहज जीवनको प्रत्याभूति हुन्छ भने नागरिकहरूले क्रूरतालाई समेत स्वीकार्न सक्छन् ।

नेतृत्वको वरिपरि हुँदा के फाइदा हुन्छ भन्ने संकेत पाएपछि मानिसहरू त्यसप्रति लालायित हुन्छन् । मानव स्वभाव नै अरूसँग सामूहिक रूपमा संलग्न हुन प्रेरित गर्ने भएकाले "सामाजिक प्रमाण" को सिद्धान्त अनुसार, मानिसहरू अरूसँग मिलेर काम गर्दा आफूलाई सुरक्षित र सही महसुस गर्छन् । यदि निर्णय गलत भए पनि, समूहको दबाबले उनीहरूलाई त्यसलाई सही ठान्न बाध्य पार्छ । आस्चको प्रयोगमा देखिएको जस्तै, जब समाजमा धेरैले कुनै विचारलाई समर्थन गर्छन्, मानिसहरू स्वत: त्यसैलाई सही मान्न थाल्छन् । यही कारण, सत्तामा रहेका व्यक्तिहरूको समर्थन गर्दा धेरैलाई लाग्छ कि उनीहरूका निर्णयहरू सही छन्, जसले गर्दा अन्यायपूर्ण नीति र अमानवीय क्रियाकलापहरू समेत समाजमा स्वीकृत हुँदै जान्छन् ।

*(साभार: अनलाइनखबर)*

# आईटी क्षेत्रलाई सरकारी लगाम : द्रुत अध्यादेश, सुस्त काम

काठमाडौं/नेपालको आईटी क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै नेपाल सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी अध्यादेश मार्फत विभिन्न कानुन संशोधन गऱ्यो । आर्थिक-व्यावसायिक वातावरण सुधार गर्नु अत्यन्तै जरुरी ठानेर अध्यादेश ल्याएपछि उत्साहित बनेको आईटी क्षेत्र त्यसको कार्यान्वयन अत्यन्त सुस्त बनेपछि भने निराश बन्न पुगेको छ ।

सो अध्यादेशमार्फत नेपालका आईटी कम्पनीले विदेशमा लगानी गर्न पाउने व्यवस्था गर्दै विदेशी विनिमय ऐन २०१९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, कम्पनी ऐन २०६३ औद्योगिक व्यवसाय ऐन २०७६, राजस्व चुहावट तथा नियन्त्रण ऐन २०५२ लगायतमा संशोधन गरेको थियो ।




अध्यादेशमार्फत औद्योगिक व्यवसाय ऐनमा सूचना प्रविधि उद्योग भनेर वर्गीकरण गरेका उद्योगले नेपाल राष्ट्र बैंकबाट तोकिएका सर्त र अधिकतम सीमाभित्र रही नेपाल बाहिर बाह्य प्रत्यक्ष लगानी गर्न सक्ने व्यवस्था उक्त ऐनमा प्रस्ताव गरिएको छ ।

कुन-कुन रूपमा यसरी विदेशमा लगानी गर्न पाइन्छ भन्ने विषयमा ऐनको परिभाषा खण्डमा स्पष्ट गरिएको छ । विदेशको धितोपत्र बजारमा सूचीकृत नभएको सीमित दायित्वका साझेदारी फर्म, लगानी कोष, कम्पनी लगायतले सेयरमा गरेको लगानीलाई विदेशमा लगानी भनेर बुझिने कुरा ऐनको परिभाषा खण्डमा उल्लेख छ । यसरी एकल वा साझेदारीमा विदेशमा खोलेको कम्पनीमा नेपाली आईटी कम्पनीले शतप्रतिशतसम्म लगानी गर्न पाउने छन् ।

तर, विदेशको धितोपत्र बजारमा सूचीकृत कम्पनीमा भने अधिकतम २० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था पनि परिभाषा खण्डमा उल्लेख छ । ऐनमा प्रस्ताव गरिएको व्यवस्था अनुसार नेपाली कम्पनीले विदेशमा शाखा वा सम्पर्क कार्यालय खोल्न पाउनेछन् भने विदेशमा लगानी गरी प्राप्त आयलाई पुनर्लगानी गर्न पनि पाउनेछन् ।

नेपाल बाहिर प्रविधि हस्तान्तरण गर्न अनुमति प्राप्त उद्योगले विदेशबाट प्राप्त विदेशी मुद्रा विदेशस्थित उद्योग, फर्ममा लगानी गर्न सक्ने व्यवस्था उक्त ऐनमा छ ।

यो व्यवस्था कार्यान्वयनका लागि नेपाल राष्ट्रबैंकले कार्यविधि बनाउनुपर्ने हुन्छ । तर, राष्ट्रबैंकले हालसम्म पनि कार्यविधि बनाएको छैन । कार्यविधिको मस्यौदा तयार बनाएपछि अध्यादेश संसद्मा दर्ता नै नभएकाले सञ्चालक समितिमा पेश नगरिएको राष्ट्रबैंकको विदेशी विनिमय विभागका कार्यकारी निर्देशक रेवती नेपालले बताए । 'कार्यविधि बनाउने कुरामा हामी गम्भीर ढंगले लागेका छौं, चाँडै यो सञ्चालक समितिमा पेश गर्ने छौं,' उनले भने ।

आईटी क्षेत्रकी अध्येता डा. अमृता शर्मा आईटी क्षेत्रलाई प्रवर्द्धनका लागि अध्यादेश पहिलो कदम मात्रै भएकाले खासगरी नेपाल राष्ट्रबैंकले ल्याउने कार्यविधिले यसलाई सहजीकरण गर्नुपर्ने बताउँछिन् । अध्यादेशको कार्यान्वयन चाँडै हुनुपर्ने उनको भनाइ छ । 'अध्यादेश त आयो तर राष्ट्रबैंकले बनाउने कार्यविधिले आईटी कम्पनीहरूलाई विदेशमा लगानी गर्न सहजीकरण गरेन भने हामी जहाँको जहाँको त्यहीँ हुन्छौं,' उनले भनिन्, 'त्यसो हुँदा विदेशमा लगानी गर्न नपाउँदाको अप्ठ्यारो भोगेका कम्पनीहरूसँग दफादफामा छलफल गरेर कार्यविधि बनाउनुपर्छ ।'

यो क्षेत्रमा काम गरिरहेका कम्पनीहरूसँग बसेर सहजीकरण गर्ने हिसाबले कार्यविधि बनाइयो भने त्यसले लगानीलाई सहजीकरण गर्ने उनी बताउँछिन् । 'राष्ट्रबैंकले नियन्त्रण गर्ने हिसाबले होइन, सहजीकरण गर्ने हिसाबले कार्यविधि बनाउनुपर्छ ।' जुनसुकै कुरा लेखिएको भए पनि नेपाल सरकारले कुनै खास किसिमको लगानीको सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो उपदफामा लेखिएको प्रतिबन्ध नलाग्ने गरी छुट दिन र त्यसरी छुट दिइएको लगानीको किसिम, हद, अवधि र तत् सम्बन्धी अन्य आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

अध्यादेश आउनुअघिसम्म नेपालीलाई विदेशमा लगानीमा प्रतिबन्ध थियो । तर, विदेशमै रहेका नेपाली नागरिकले विदेशमा रहँदा बस्दाको अवधिसम्म आर्जन गरेको विदेशी विनिमय वा सो विदेशी विनिमयको लगानीबाट आर्जित विदेशी मुद्राबाट विदेशमा बैंक खाता खोल्न तथा लगानी गर्न सक्छन् । त्यस्तै, केही निश्चित क्षेत्रमा नियामक निकायको सिफारिसमा विदेशमा शाखा खोल्नेलगायत प्रयोजनका लागि विदेशी मुद्राको सटही सुविधा नेपाल राष्ट्रबैंकले प्रदान गर्दै आएको छ ।

### राजस्व चुहावटको मुद्दा फिर्ताको व्यवस्था पनि अलपत्र

अध्यादेशमार्फत नै राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ मा संशोधन गर्दै राजस्व अनुसन्धान विभागले अदालतमा दायर गरिसकिएको मुद्दा सरकारले फिर्ता लिन सक्ने व्यवस्था गरिएको छ । 'जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक राजस्व अनुसन्धान नियन्त्रण ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहितामा उल्लेख भएको कार्यविधि अनुरूप फिर्ता लिन सकिने' व्यवस्था अध्यादेशमा गरिएको हो ।

राजस्व अनुसन्धान विभागले चैत २०८० मा मूल्य अभिवृद्धि कर (भ्याट) ऐनको गलत व्याख्या गर्दै कोटिभिटी नेपाल प्रालिमाथि मुद्दा दायर गरेपछि त्यसको सर्वत्र विरोध भएको थियो । संसार भरि नै कुनै पनि वस्तु वा सेवा निर्यातमा भ्याट लाग्दैन । तर, सूचना प्रविधि (आईटी) सेवा शतप्रतिशत निर्यात गर्ने कोटिभिटी नेपालले भ्याट नतिरी कर छली गरेको भन्दै विभागले बिगो र जरिवाना सहित साढे १० अर्बबराबरको मुद्दा दायर गरेको थियो ।

निजी क्षेत्रले मात्र होइन, कर प्रशासनले नै यो मुद्दामा गलत भएको भन्दै सच्याउन आग्रह गरेका थिए । त्यसबेला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अर्थमन्त्री वर्षमान पुनले कोटिभिटीमाथिको मुद्दा फिर्ता लिने प्रतिबद्धता गरेका थिए । तर, त्यो प्रतिबद्धता उनीहरूले पूरा गरेनन् । कानुनको अपव्याख्या गरी दायर गरिएको कोटिभिटीको मुद्दा फिर्ता गर्न सहजीकरण गर्ने कानुनमा संशोधन गरिएको प्रधानमन्त्री कार्यालय स्रोत बताउँछ ।

तर, त्यसरी मुद्दा फिर्ताको प्रक्रिया शुरु नगरिएको राजस्व अनुसन्धान विभागका महानिर्देशक चण्डीप्रसाद घिमिरे बताउँछन् । 'त्यस्तो मुद्दा फिर्ताको प्रक्रियाको उठान महान्यायाधिवक्ताले गर्ने कि राजस्व अनुसन्धान विभागले नै भन्ने स्पष्ट भएको छैन । त्यस्तो प्रक्रिया कहाँबाट उठान गर्ने भन्ने विषय कार्यविधिले बोल्नुपर्ने होला । कार्यविधि बनाउनुपर्ने हो कि भन्ने हामीलाई लागेको छ,' उनले भने ।

मुद्दा फिर्ताका लागि कर दाताले निवेदन हाल्नुपर्ने हो कि नेपाल सरकार आफैँले फिर्ता लिने हो भन्ने कुरा पनि स्पष्ट नभएको घिमिरेको भनाइ छ ।

'महान्यायाधिवक्ताले विभागले मुद्दा हालेकाले फिर्ताको प्रक्रिया त्यहाँबाट शुरु हुनुपर्छ भन्ला । हामीले पनि महान्यायाधिवक्ता कार्यालयले गर्ने विषय हो भनौंला । त्यसो हुँदा यसलाई कार्यविधिले स्पष्ट पार्नुपर्ने हुन्छ,' उनले भने । मुलकी फौजदारी संहिताको दफा ११६ मा नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिने निर्णय गरेमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकिलमार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनुपर्ने कारण सहितको निवेदन दिनुपर्ने उल्लेख छ ।

सो बमोजिम निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनुअघि सुनुवाइ गराउनु पर्ने, सुनुवाइ भएपछि मुद्दा फिर्ता लिने आदेश गर्न मनासिब हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिनसक्ने आदेश गर्नसक्ने व्यवस्था छ । सरकारले निर्णय गर्दैमा मुद्दा फिर्ता लिन नसकिने र अदालतले अनुमति दिनुपर्ने र अदालतले अनुमति दिँदा आधार र कारणहरू परीक्षण गरी सन्तुष्ट भएमा मात्रै दिने हो भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा व्याख्या भएको छ ।

राजस्व चुहावटसम्बन्धी कुनै मुद्दा फिर्ता लिने वा लिनुपर्ने सम्बन्धमा कुनै पनि निकाय वा व्यक्तिबाट कुनै जानकारी नआएको महान्यायाधिवक्ता रमेश बडालले बताए । त्यस्तै, अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा समेत बिगो एवं आकर्षित हुने ब्याज र कम भुक्तानी गरेकोमा मिलापत्र हुन सक्ने व्यवस्था पनि गरिएको छ । यसका साथै मुद्दा फैसला भइसकेपछि पनि बिगो र जरिवाना तिरी मिलापत्र हुन सक्ने र कैद भएको छ भने त्यसरी मिलापत्र भएकोमा त्यसको लगत कट्टा हुने व्यवस्था पनि गरिएको छ ।

यो व्यवस्था कार्यान्वयनका लागि पनि कार्यविधि आवश्यक पर्ने आफ्नो बुझाइ रहेको विभागका महानिर्देशक घिमिरे बताउँछन् । 'कानुन संशोधनमार्फत तीन चरणमा मिलापत्र सक्ने व्यवस्था छ । यसको कार्यान्वयनका लागि पनि कार्यविधि आवश्यक पर्छ होला । तर, यो मिलापत्रको विषय राजस्व चुहावटसँग सम्बन्धित हो, आन्तरिक राजस्व विभागमार्फत भएको अनुसन्धान र मुद्दामा यो व्यवस्था लागू हुने होइन,' उनले भने ।

राजस्व अनुसन्धान विभागले अनुसन्धान गरी ३ करोडभन्दा कम बिगोको मुद्दा बनेकोमा त्यस्तो मुद्दा नचलाई विभाग सम्बन्धित अन्य कर विभागलाई कर असुल गर्न लेखी पठाउन सक्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ । यसअघि ५० लाखभन्दा बढी बिगो हुनेबित्तिकै विभागले मुद्दा लैजानुपर्थ्यो । यो व्यवस्था भने कार्यान्वयन भइसकेको महानिर्देशक घिमिरेले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'मायावी'को 'माता विन्दवासिनी' गीत : मन्दिरमा भजन गाउँदै पल



काठमाडौं/यही फागुन १४ गते अर्थात् महाशिवरात्रिबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मायावी'को भजन गीतको रुपमा 'माता विन्दवासिनी' सार्वजनिक गरिएको छ । एसडी योगीको पार्श्व गायन तथा संगीत रहेको गीतमा राम अविरल विष्टको शब्द छ । गीतले विन्दवासिनी माताप्रतिको श्रद्धा एवं भक्तिभाव व्यक्त गर्छ । मान्छेहरुमा रहेको स्वार्थीपन, कुकर्मलाई पखालिदिन गरिएको प्रार्थना गीतमा छ ।

पोखरामा रहेको विन्दवासिनी मन्दिरमा छायांकन गरिएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता पल शाह भजन गाउँदै देखिएका छन् । अभिनेत्री दीपिका प्रसाईं पूजा गर्न मन्दिर आएको परिवेशमा भिडियो तयार पारिएको छ । पल र दीपिकाबीचको प्रेमभाव पनि गीतले व्यक्त गर्छ । अर्की अभिनेत्री करिश्मा श्रेष्ठ नृत्य गर्दै देखिएकी छन् ।

दिवाकर भट्टराइको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा पल, दीपिका र करिश्मासँगै प्रशान्त ताम्राकार, सुशील सिटौला, लक्ष्मी गिरी, अंशु महर्जन, राजाराम पौडेल, रवि डंगोल, रमा प्रसाँई, दीपेन्द्र सिंम्खडा लगायतको अभिनय छ । यो फिल्मबाट समीम खानले डेब्यु गरेका छन् । अघिल्लो साता सार्वजनिक ट्रेलरले दर्शकबाट राम्रो प्रतिक्रिया पाइरहेको छ ।

'मायावी'मा ु व न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी छ । प्रवीण भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्ममा मञ्जु भण्डारी, राजु पराजुली र सुमित ओली सह-निर्मातामा छन् । फिल्मको गीतमा शम्भुजित बाँस्कोटा र एसडी योगीले संगीत दिएका छन् भने कविराज गहतराज र प्रविन सिंहको कोरियोग्राफी, राजु विक्रम थापाको डीओपी तथा मिलन श्रेष्ठको सम्पादन छ ।

# १० मिनेटको हिंसात्मक दृश्य काटेपछि सेन्सर पास भयो 'ताण्डवम्'

काठमाडौं/अत्याधिक हिंसात्मक दृश्य रहेको भन्दै सेन्सरमा रोकिएको फिल्म 'ताण्डवम्'ले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)बाट प्रदर्शन अनुमति पाएको छ । १० मिनेटको हिंसात्मक दृश्य काटेर निर्माताले बिहीबार पुन: फिल्मको सेन्सर गराएपछि बोर्डले पिजी सर्टिफिकेट दिँदै रिलिजका लागि बाटो खुला गरिदिएको हो । अब यो फिल्म १६ वर्षमुनिकाले अभिभावकको साथमा हेर्नुपर्नेछ ।



फिल्मका निर्देशक तथा अभिनेता जुनिम गहतराजले कथाको मर्म नमर्ने गरि हिंसात्मक दृश्य काटिएको बताए । पहिलो पटक सेन्सर गर्न लैजाँदा २ घण्टा ६ मिनेट रनटाइम रहेको फिल्म अब १ घण्टा ५६ मिनेटमा सीमित भएको छ । पूरा फिल्मबाट करिब १० मिनेट रनटाइम घटाइएको निर्देशक गहतराजले जानकारी दिए ।

'लामो दृश्य काटिए पनि हामीले कथाको मर्म मर्न दिएका छैनौं,' जुनिमले भने, 'हामीले इमानदारपूर्वक राम्रो फिल्म पस्किने प्रयास गरेका छौं । दर्शकले मन पराउनेमा विश्वस्त छौं ।' फिल्मलाई सेन्सर पदाधिकारीले पनि रुचाएको उनले बताए । लामो समयदेखि कलरिस्टको रुपमा काम गर्दै आइरहेको उनको यो डेब्यु निर्देशकीय फिल्म हो ।

शुक्रबार अर्थात् फागुन ९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा जुनिमसहित पुष्कर गुरुङ, प्रेम सुब्बा, अंकित खड्का, सरिना मगर, अनोज पाण्डे, कमल कार्की, गोपाल कटुवाल लगायतको अभिनय रहेको छ । फिल्मको कथा एक नवविवाहित जोडी पहिलो सन्तानको स्वागतको तयारीमा रहँदा उनीहरूको जीवनमा घट्ने अकल्पनीय घटनाले निम्त्याउने उतारचढावमा केन्द्रित छ ।

# अनलाइन ठगीमा नयाँ ट्रेन्ड : चिनियाँ सेलाउँदा भारतीयले बनाए काठमाडौंलाई सेल्टर

काठमाडौं/ बुढानीलकण्ठ नगरपालिका-२ तौलुङस्थित एउटा घर भाडामा लिएर अनलाइन जुवा तथा ठगी धन्दा चलाएको सूचना प्रहरीसमक्ष आउँछ । जिल्ला प्रहरी परिसर काठमाडौं, प्रहरी वृत्त महाराजगञ्ज र प्रहरी प्रभाग बुढानीलकण्ठको संयुक्त टोलीले ५ फागुन साँझ ६ बजे उक्त घरमा छापा मारेर चार भारतीयलाई पक्राउ गर्छ । पक्राउ पर्नेमा भारत, उत्तर प्रदेश गोरखपुरका २२ वर्षीय एमडी आरिफ हुसेन, उत्तर प्रदेश फत्तेपुरका ४२ वर्षीय अब्दुल कलाम, गोरखपुरकै २५ वर्षीय अभिशेष मदेसिया र फत्तेपुरका ४० वर्षीय इरफान पठान छन् ।

यो समूहले अहिलेसम्म २ अर्ब रुपैयाँभन्दा बढीको अनलाइन जुवा तथा सट्टेबाजी खेलाएको परिसरका एसएसपी विश्व अधिकारी बताउँछन् । प्रहरीले उनीहरूबाट १२ थान ल्यापटप, १२ थान मोबाइल, हिसाब गर्न प्रयोग गरिएका ७ थान क्याल्कुलेटर, हिसाब-किताब राखेको १३३ पन्ना कागज र ३ थान डायरी समेत प्रहरीले बरामद गरेको छ । डायरीमा उल्लेखित विवरण र बैंक ट्रान्जेक्सन अनुसार उनीहरूले २ अर्ब बढीको अनलाइन ठगीको धन्दा चलाएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ ।

पक्राउ परेकाहरूविरुद्ध मुलुकी फौजदारी अपराध संहिताको दफा १२५ अनुसार जुवा खेल्न वा सट्टेबाजी गर्न/गराउन नहुने कसुरमा ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ । परिसरले छापा मारेर ४ जनालाई पक्राउ गरेकै समयमा ५ फागुन साँझ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पनि बुढानीलकण्ठ-५ स्थित एक घरमा छापा मारेर २४ जना भारतीय नागरिक्लाई पक्राउ गऱ्यो । यो गिरोहले भने बेटिङ एपमार्फत विभिन्न खेलको सट्टेबाजी खेलाएर ठगी गरेको प्रहरीको भनाइ छ ।

उनीहरूबाट प्रहरीले २१ थान मोबाइल, ३८ थान ल्यापटप, वर्ल्डलिंकको राउटर ३ थान र बेटिङको हिसाब-किताब राखेको डायरी २ थान बरामद गरेको थियो । यो समूहले ३ महिनाको अवधिमा मात्रै १ अर्ब ६४ करोड ३९ लाख ५७ हजार ३४० रुपैयाँ बराबरको अनलाइन जुवा कारोबार गरेको पाइएको अपराध अनुसन्धान कार्यालयका एसएसपी रमेश बस्नेत बताउँछन् ।

स्काई एक्सचेन्ज डट आर्ट वेबसाइटमार्फत उनीहरूले अनलाइन गेम तथा जुवा खेलाउने गरेको प्रहरीले जनाएको छ । उक्त वेबसाइटमा दिएको सम्पर्क माध्यम ह्वाट्स एप, टेलिग्राममार्फत विभिन्न व्यक्तिहरूलाई सम्पर्क गरी गेम खेलाउने गरेका थिए । त्यसका लागि स्काई एक्सचेन्जकै मान्छेहरूले लगइन गर्नलाई युजर आईडी र पासपोर्ट बनाएर दिने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । अनलाइन गेम तथा बेटिङ खेल्न भनेर जम्मा गरिएको उक्त रकम भारत भारत पुग्ने गरेको प्रहरीको निष्कर्ष छ ।

एकै दिन दुई फरक प्रहरी युनिटबाट एकै क्षेत्रमा भएका यी दुई ठूला अपरेसनले अनलाइन ठगी तथा सट्टेबाजीको भारतीय गिरोहले काठमाडौंलाई सेल्टर बनाएर ठगी धन्दा चलाएको पुष्टि गरेको छ । यी दुई अपरेसनको एक साताअघि मात्रै परिसर काठमाडौंको टोलीले बुढानीलकण्ठमै छापा मारेर २३ भारतीयलाई पक्राउ गरेको थियो । २७ माघ साँझ परिसरको टोलीले छापा मारेर २३ जनालाई पक्राउ गर्नुका साथै ८१ हजार नगद, विभिन्न कम्पनीका ८८ थान मोबाइल र १० थान ल्यापटप बरामद गरेको थियो ।

भारतीयको गिरोहले काठमाडौंको बुढानीलकण्ठ नगरपालिका-३ स्थित दोजी लामाको दुई तले घर भाडामा लिएर अनलाइन बेटिङको धन्दा चलाएको प्रहरीको भनाइ छ । घरमै खाने, बस्ने सुविधासहितको अफिस नै खडा गरेर उनीहरूले अनलाइन 'फिसिङ' गरेको प्रहरीको रिपोर्ट छ । यस घटनाबारे २८ माघमा पत्रकार सम्मलेन गर्दै परिसरका एसपी अपिलरा बोहोराले यो समूहले ३ अर्ब बढीको कारोबार गरिसकेको बताएका थिए । लोटस एप प्रयोग गरेर उनीहरूले अनलाइन जुवा खेलाएको बोहोराको भनाइ थियो ।

काठमाडौं उपत्यकामा एक साताको बीचमा भएका अनलाइन बेटिङसम्बन्धी यी तीन ठूला अपरेसनमा पक्राउ पर्ने भारतीयको संख्या ५१ पुगेको छ । उनीहरूबाट साढे ६ अर्ब बढीको अनलाइन बेटिङ तथा सट्टेबाजीको कारोबार भइसकेको प्रहरी अनुसन्धानले देखाएको छ ।

निरन्तरको अपरेसनमा भारतीय मात्रै पक्राउ पर्नुले अनलाइन बेटिङको धन्दामा भारतीय गिरोह नै लाग्न थालेको अपराध अनुसन्धान कार्यालयका एसएसपी बस्नेतको बुझाइ छ । 'पछिल्लो समय जति पनि अपरेसन भए त्यसमा भारतीय मात्रै पक्राउ परेका छन् । यी घटनाले भारतीय गिरोहले काठमाडौं केन्द्रित अनलाइन फ्रर्डको धन्दा चलाउन सुरु गरेको देखिन्छ,' एसएसपी बस्नेत भन्छन् । यसअघिका प्रहरी अपरेसनमा यस्तो धन्दा चिनियाँ नागरिकले चलाउने गरेको भेटिन्थ्यो । चिनियाँले काठमाडौंलाई सेल्टर बनाएर अनलाइन स्क्यामिङको धन्दा चलाउने गरेका थिए । २०७६ पुसमा काठमाडौंको मनमैजु, बुढानीलकण्ठ, बाँसबारी, धापासी लगायतका ९ वटा घरमा छापा मारेर प्रहरीले १२२ चिनियाँलाई पक्राउ गरेको थियो ।

उनीहरूलाई अभद्र व्यवहारमा मुद्दा चलाएर प्रहरीले चीन डिपोर्ट गरेको थियो । त्यसपछि पनि फाट्टफुट्ट रुपमा चिनियाँ नागरिकले कल सेन्टरको आवरणमा नेपाली युवा-युवतीलाई जागिर दिने भन्दै अनलाइन स्यामिङमा लगाउने गरेका थिए ।

कल सेन्टरको नाममा चलाइएका त्यस्ता कार्यालयमा प्रहरीले छापा मार्दा नेपालीलाई समेत पक्राउ पर्ने गरेका थिए । पछिल्लो समयमा भारतीय गिरोहले नेपालीलाई प्रयोग गरेर अनलाइन बेटिङको धन्दा चलाउने गरेको पाइएको हो ।

गत २० माघमा मात्रै ललितपुर परिसर र अपराध अनुसन्धान कार्यालयको संयुक्त टोलीले छापा मारेर सानेपाबाट १० भारतीय र १४ नेपालीलाई पक्राउ गरेको थियो । उनीहरूले पनि ३ अर्ब बढीको अनलाइन जुवा खेलाएको खुलेको थियो । त्यसपछि भने बेटिङ भन्दामा भारतीय मात्रै पक्राउ परेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# '२६ करोड' निर्देशन गर्दै विकास, मुख्य भूमिकामा प्रदीप निश्चित

काठमाडौं/धेरै अगाडिदेखि चर्चा भइरहेको फिल्म हो, '२६ करोड' । निर्देशक दिनेश राउत बाहिरिएपछि यो फिल्म बन्न सकेको थिएन । अब यसलाई 'पूजार सार्की'का निर्माता सुभाष भुसालले निर्माण गर्ने भएका छन् । अर्कै एक कम्पनीको नाममा रहेको फिल्मको सम्पूर्ण अधिकार उनले लिएका हुन् । २०८२ सालमा छायांकनको तयारी गरिएको यो फिल्मलाई लेखक विकास सुवेदीले निर्देशन गर्नेछन् ।



फिल्ममा अभिनेता प्रदीप खड्का मुख्य भूमिकामा निश्चित भइसकेका छन् । उनले योभन्दा अगाडि बैशाखमा फिल्म 'ऐरी'मा काम गर्नेछन् । यसको छायांकन सकिएपछि उनी '२६ करोड'को वर्कसपमा जोडिने जनाइएको छ । चुनौतीपूर्ण चरित्र भएकाले उनलाई केही महिना वर्कसपमा राख्ने तयारीमा निर्देशक सुवेदी छन् । यसैले फिल्मको छायांकन आगामी भदौपछि मात्र हुनसक्ने देखिन्छ ।

यो फिल्ममा अभिनेता पल शाह पनि हुने व्यापक चर्चा छ । निकट स्रोतका अनुसार विकास र पलबीच फिल्मको बारेमा केही पटक कुराकानी भइसकेको छ । उनीहरुबीच राम्रो सम्बन्ध भएकाले '२६ करोड'मा पल जोडिने सम्भावना प्रवल छ । यसअघि विकासको निर्देशनमा पलले दर्जनौं म्यूजिक भिडियो गरिसकेका छन् । 'पूजार सार्की'मा पल आवद्ध हुनुमा पनि विकास नै मुख्य कारण थिए । 'प्रकाश', 'पूजार सार्की' र 'महाभोज' फिल्मको स्क्रिप्ट लेखिसकेका विकास '२६ करोड'भन्दा अगाडि अर्को एक फिल्म निर्देशन गर्ने तयारीमा छन् । त्यसैबाट उनको निर्देशनमा डेब्यु हुनेछ । सम्भवत: फागुन महिनामै उनले आफ्नो निर्देशनमा बन्ने पहिलो फिल्मको घोषणा गर्नेछन् । उक्त फिल्मको निर्माण एक चर्चित अभिनेताले गर्ने बुझिएको छ । फिल्मको स्क्रिप्ट विकास आफैंले लेखेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रनिङशिल्ड भवानी माविको पोल्टामा

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुरको कैलाश गाउँपालिकामा बुधबारबाट सुरु भएको पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको शिल्ड भवानी माध्यमिक विद्यालयले हात पारेको छ ।

विद्यालयले ९ स्वर्ण, एक रजत र २ कास्यपदक प्राप्त गर्दै राष्ट्रपति रनिङशिल्ड हात पारेको हो । कैलाश गाउँपालिकाको आयोजना तथा खेलकुद विकास समितिको व्यवस्थापनमा भएको प्रतियोगिता भवानी माध्यमिक विद्यालयको खेलमैदानमा भएको थियो । प्रतियोगितामा ६ वटा माध्यमिक विद्यालयले सहभागिता जनाएका थिए । प्रतियोगितामा ४ स्वर्ण, एक कास्यपदक सहित कैलाश-२ स्थित कमलादेवी मावि द्वितीय भएको छ भने २ स्वर्ण, ५ रजत र ६ कास्यपदक सहित कैलाश-९ स्थित कालिका माविले तृतीय स्थान हासिल गरेको छ ।



प्रतियोगितामा हाइजम्प खेलमा छात्रातर्फ समूना मल्ल, गोमा बर्तौला र रुथ जिम्बा क्रमश: प्रथम, द्वितीय र तृतीय भएका छन् भने छात्रतर्फ नमराज मुक्तान, उसप मुक्तान र विशाल मोक्तान क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए । त्यस्तै, सटपुट खेलको छात्रातर्फ सरिता सुनार प्रथम, भीममाया गुरुङ द्वितीय र लक्ष्मी थोकर तृतीय भएका छन् भने छात्रतर्फ अजित थिङ प्रथम, उदय मुक्तान द्वितीय र साजनकुमार वाईबा तृतीय भएको कैलाश खेलकुद विकास समितिका सदस्यसचिव तथा शिक्षा शाखाप्रमुख समीर जोशीले बताए ।

यसैगरी ज्यावलिङ थ्रो खेलमा छात्रातर्फ मुना गुरुङ प्रथम, प्रियन्ना थिङ द्वितीय र मनिषा मुक्तान तृतीय भएका छन् भने छात्रतर्फ नवराज मुक्तान प्रथम, दिवाकर प्रजा द्वितीय र सोनाम घिसिङ तृतीय भएका छन् । त्यस्तै, लङजम्पको छात्रातर्फ समूना मल्ल प्रथम, विनिता थिङ द्वितीय र गोमा बर्तौला तृतीय भएका छन् । ८ सय मिटर दौडको छात्रतर्फ अनक मुक्तान प्रथम, विकास थिङ द्वितीय र विप्लव घिसिङ तृतीय भएका छन् ।

प्रतियोगिताको ४ सय मिटर दौडको छात्रातर्फ सदीक्षा गुरुङ प्रथम, रेश्मा स्याङ्बो द्वितीय र सञ्चमाया मुक्तान तृतीय भएका छन् भने छात्रतर्फ रमन थिङ प्रथम, सुरेश खड्का द्वितीय र सुनील प्रजा तृतीय भएका छन् । यसैगरी २ सय मिटर दौडको छात्रातर्फ सविना वाईबा प्रथम, मनिषा नेगी द्वितीय मनमाया बुलुन तृतीय भएका छन् र छात्रतर्फ आमोश चेपाङ प्रथम, सुदीप मुक्तान द्वितीय र दिवाकर प्रजा तृतीय भएका छन् ।

एक सय मिटर दौडको छात्रातर्फ प्रकृति सुवेदी प्रथम, गोमा बर्तौला द्वितीय र सविना वाईबा तृतीय भए भने छात्रतर्फ विकास थिङ प्रथम, विकास परियार द्वितीय र नीमा थिङ तृतीय भएको शिक्षा शाखाप्रमुख जोशीले बताए । भलिबलतर्फको खेलमा कमलादेवी माध्यमिक विद्यालय विजेता बनेको थियो भने उपविजेता भने धुवाङ माध्यमिक विद्यालय रहेको जनाइएको छ । समितिका संयोजक मोहन वाईबाको सभाध्यक्षता तथा पालिका अध्यक्ष लोकबहादुर मोक्तानको प्रमुख आतिथ्यतामा प्रतियोगिता आयोजना गरिएको थियो ।

विजयी भएका विद्यालयलाई पालिका अध्यक्ष मुक्तान र उपाध्यक्ष बालकुमार मल्लले शिल्ड, प्रमाणपत्र तथा मेडल प्रदान गरेका थिए । प्रतियोगितामा कमलादेवी मावि कैलाश-२, भवानी मावि कैलाश-३, व्यास मावि कैलाश-६, धुवाङ मावि कैलाश-८, कालिका मावि कैलाश-९ र रत्नज्योति मावि कैलाश-१० का विद्यालयका विद्यार्थीले सहभागिता जनाएको जोशीले बताए ।

# सपना बनिन् पशुपतिनाथ माविको प्रधानाध्यापक



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुरको मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविको प्रधानाध्यापकमा सपना लामा नियुक्त हुने भएकी छिन् । विद्यालय ब्यवस्थापन समितिको बिहीबार बसेको बैठकले लामालाई प्रअ नियुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको हो ।

संख्यात्मक रुपमा मकवानपुरको सामुदायिक माध्यमिक विद्यालयमा महिला प्रधानाध्यापक न्युन रहेको अवस्थामा लामाले पशुपतिनाथ माविको शैक्षिक नेतृत्व सम्हाल्ने हिम्मत गरेकी हुन् । हेटौंडा-१ स्थित अमर माविमा करिब एकदसकदेखि मालती उप्रेती, मनहरी-७ ज्यामिरेस्थित महेन्द्रकिरण माविमा बिगत एक वर्षदेखि कबिता लामाले शैक्षिक नेतृत्व गरिरहेका छन् । जिल्लाका सामुदायिक माविमा थप एकजना महिलाले प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्न लागेका हुन् ।

पशुपतिनाथ माविमा २०६५ सालदेखि प्रधानाध्यापकको भूमिका निर्वाह गर्दै आएका भानुभक्त आचार्यले गत कात्तिक २५ गते राजीनामा दिएका थिए । २०६५ सालमा विद्यालयले माध्यमिक तहको अध्यापन सुरु गरेपछि प्रअको जिम्मेवारीमा रहेका आचार्यले दिएको राजीनामा विद्यालय ब्यवस्थापन समितिले गएको माघ १४ गते स्वीकृति गरेको समितिका अध्यक्ष माधव गौतमले जानकारी दिएका छन् । प्रअका लागि छनोट भएपछि लामाले सबै शिक्षक, अभिभावक, ब्यवस्थापन समितिसँग समन्वयात्म रुपमा विद्यालयको पठनपाठन सुधार गर्दै जाने प्रतिक्रिया दिएकी छन् ।

विद्यालयमा प्रअ छनोट गर्न समितिले गरेको आब्हानमा ३ जना शिक्षकले आबेदन दिएका थिए । विद्यालयका सहायक प्रधानाध्यापक सुशील गौतम, निमावि राहतका शिक्षक ईश्वर रिजाल र स्थायी दर्बन्दीका प्राशि लामाले आबेदन दिएको अध्यक्ष गौतमले बताए । वनकरिया समुदायका बालबालिका अध्ययन गर्ने नेपालको एकमात्र विद्यालयको रुपमा रहेको पशुपतिनाथ माविमा हाल ५७५ जना बालबालिका अध्ययन गरिरहेका छन् ।

### अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता :

# नेपाल एक खेलअगावै फाइनलमा, उपाधिका लागि म्यानमारसँग खेल्ने

काठमाडौं, ८ फागुन/ नेपाल र म्यानमार एक खेल खेल्नुअगावै अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा बिहीबार साँझ भएको आफ्नो दोस्रो खेलमा नेपालले लेबनानाई १-० ले पराजित गरेपछि दुवै टोलीले फाइनलमा स्थान पक्का गरेका हुन् । चार राष्ट्र सहभागि प्रतियोगितामा नेपाल र म्यानमारले लगातार दुई जितबाट समान ६ अंक जोडेका छन् । गोल अन्तरमा म्यानमार नेपाल भन्दा अघि छ । बिहीबारै पहिलो खेलमा म्यानमारले कीर्गिस्तानलाई ५-० ले हराएको थियो । लगातार दुई हार पछि लेबनान र कीर्गिस्तान भने फाइनल होडबाट बाहिरिएका छन् ।



नेपालको जितमा पहिलो हाफमा गरेको एकमात्र गोल नै निर्णायक बन्यो । खेलको ४२औं मिनेटमा नेपालले अग्रता लिएको थियो । सावित्रा भण्डारी प्रहार लेबनानी खेलाडी फराहलाई डिफ्लेक्ट भएर गोल भएको थियो । यीबाहेक दुवै टोलीले गोल गर्ने थुप्रै अवसरहरू सदुपयोग गर्न सकेनन् ।

लेबनानकी क्रिस्टी मालोफले १०औं मिनेटमा प्रहार एन्जिलाले बचाइन् । बिमलाले ११औं मिनेटमा गरेको गरेको प्रहार पोस्टमाथिबाट बाहिरियो । १३औं मिनेटमा लैला इस्कन्दरले दुईपटक गोलरक्षक बिट गरिसकेको अवस्थामा गोल गर्न चुकिन् । १५औं मिनेटमा प्रीति राईको प्रहार पोस्टको केही माथिबाट बाहिरियो ।

१७औं मिनेटमा रेखा पौडेलले सबिता रानामगरको क्रसमा हेडर मिस गरेकी थिइन् । २३औं मिनेटमा साम्बाको प्रहार पोस्टको वाइड गयो । २६औं मिनेटमा बिमला चौधरीको हेडर फितलो रहँदा लगत्तै ओपन चान्समा रेखाले बल भेटाउन सकिनन् । त्यसलगत्तै फेरि साम्बाको प्रहारले पोस्टको दिशा लिन सकेन ।

३१औं मिनेटमा लेबनानले पनि अर्को मौका गुमायो । थ्रु मार्फत आएको उत्कृष्ट पासलाई लेला इस्कन्दरले सदुपयोग गर्न सकिनन् । ३७औं मिनेटमा क्रिस्टी मालुफको प्रहार साइड नेटिङ हुन पुग्यो ।

दोस्रो हाफको ५९औं मिनेटमा साम्बाको पासमा सबिताले प्रहार गरेको बल पोस्टमाथिबाट बाहिरियो । ८६औं मिनेटमा सावित्राको प्रहारले पोस्टको दिशा लिन सकेन । इन्जुरी समयको पहिलो मिनेटमा जहवा अराबीको प्रहार बारमा लागेर फर्कंदा लेबनान बराबरी गर्नबाट चुकेको थियो ।

अब लिग चरणको अन्तिम दुई खेल औपचारिकता मात्र हुनेछ । आइतबार लिग चरणको अन्तिम खेलमा नेपाल र म्यानमार तथा लेबनान र कीर्गिस्तान खेल्ने छन् । फाइनल खेल नेपाल र म्यानमारबीच आउने बुधबार हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# जालपादेवी विद्यालयको कक्षाकोठा भवनको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनास्थित जालपादेवी माध्यमिक विद्यालयको कक्षाकोठा भवनको शिलान्यास गरिएको छ ।

बिहीबार एक कार्यक्रमका बीच मकवानपुर क्षेत्र नम्बर-२ का सांसद एवम् नेकपा एमालेका मुख्यसचेतक महेशकुमार बर्तौलाले विद्यालयको जग हालेर शिलान्यास गरेका हुन् । निर्माणाधीन जालपादेवी माविमा अहिले करिव ४ सय विद्यार्थी अध्ययन गरिरहेका छन् ।

शिलान्यास कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे स्याङ्तान, पूर्वअध्यक्ष विदुर हुमागाईं, सघन सहरी तथा भवन निर्माण आयोजना चितवनको इन्जिनियर रबिन पाठकलगायत स्थानीय अगुवा, अभिभावक र बालबालिकाको उपस्थिति रहेको थियो ।

# पर्साका चौधरी गाँजासहित पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मनहरी गाउँपालिकामा वडा नम्वर ७ पेङ्चेबाट अवैध लागूऔषध गाँजा सहित एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पर्साको जिराभवानी गाउँपालिका-५ बस्ने २५ वर्षीय चन्दनकुमार चौधरी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनलाई लागूऔषध गाँजा १० किलो ९ सय २० ग्रामसहित इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

# बागमती गोल्डकपको सेमिफाइनल समीकरण पूरा



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ बागमती गाउँपालिकामा जारी सातौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

बिहिबार भएको खेलमा मछिन्द्र क्लब बिजयी भएसँगै अन्तिम ४ मा पुग्ने चारवटै टोलीको टुंगो लागेको हो । सर्लाहीको बागमती युवा क्लबलाई १-० ले हराउँदै मछिन्द्रले अन्तिम ४ मा स्थान सुरक्षित गरेको हो । मछिन्द्रको जीतमा खेलको ४३ औं मिनेटमा रेजिन सुब्बाले पेनाल्टीमार्फत गोल गरे । बागमतीका खेलाडी हेमन्त भुजेलले खेलको ४२ औं मिनेटमा गोललाइनमा हातले बल रोकेपछि रेफ्रीले पेनाल्टी दिएको थियो ।

त्यस मौकालाई सदुपयोग गर्दै सुब्बाले गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच भने मछिन्द्रकै शिशिर लेखी घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । यसअघि भएको खेलमा बिजयी हुँदै सशस्त्र प्रहरीको एपीएफ क्लब, थ्रीस्टार र चर्चब्वाइज सेमिफाइनलमा प्रवेश गरिसकेको छ । सेमिफाइनलका खेल फागुन ९ र १० गते हुनेछ । ९ गते हुने पहिलो सेमिफाइनल खेल एपीएफ र चर्चब्वाइजबीच हुँदा १० गते हुने दोश्रो सेमिफाइनल खेलमा मछिन्द्रले थ्रीस्टारको सामना गर्नेछ ।

आगामी फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैंया सहित शिल्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

# निर्यातमा उत्साहजनक वृद्धि, आयात तङ्गिँदै

काठमाडौं, ८ फागुन/ चालु आर्थिक वर्ष २०८१/८२ को ७ महिना (साउन-माघ) मा आइपुग्दा निर्यातमा उत्साहजनक वृद्धि देखिएको छ । भन्सार विभागका अनुसार माघ मसान्तसम्म १ खर्ब २७ अर्ब २० करोड ४८ लाख २९ हजार रुपैयाँ बराबरको वस्तु नेपालबाट विदेश निर्यात भएको छ । जुन गत आवको यसै अवधिको तुलनामा ४६.५० प्रतिशतले धेरै हो । गत वर्ष माघसम्म ८६ अर्ब ८३ करोड ९ लाख १२ हजार रुपैयाँ बराबरको वस्तु निर्यात भएको थियो । तथ्यांक अनुसार माघ महिनामा २८ अर्ब ४१ करोड ५५ लाख रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ ।

पुस मसान्तसम्म कुल निर्यात ९८ अर्ब ७८ करोड रहेकोमा माघमा यो १ खर्ब २७ अर्बमा उक्लिएको हो । यसरी निर्यातले फड्को मार्नुमा सोयाबिन तेलको ठूलो भूमिका देखिन्छ । भारतले नेपालबाट वनस्पति तेल आयात सहज बनाएसँगै अहिले नेपालबाट हुने निर्यातमा उत्साहजनक वृद्धि देखिन्छ । माघ मसान्तसम्म ३२ अर्ब ४१ करोड ६१ लाख रुपैयाँ बराबरको सोयाबिन तेल निर्यात भएको छ । जुन बढी निर्यात भएका वस्तुको पहिलो नम्बरमा छ ।

दोस्रो नम्बरमा सूर्यमुखी तेलको बिउ तथा तेल निर्यात भएको देखिन्छ । जसको परिमाण ६ अर्ब ५७ करोड रुपैयाँ बराबरको रहेको छ । तेस्रो नम्बरमा कार्पेट रहेको छ । जुन ६ अर्ब ४६ करोड रुपैयाँ बराबर निर्यात भएको छ । चौथो नम्बरमा अलैंची निर्यात रहेको छ । जुन ५ अर्ब ३९ करोड रुपैयाँ बराबरको निर्यात भएको भन्सार विभागको तथ्यांक छ ।

पुस मसान्तसम्म सोयाबिन तेलको निर्यात १८ अर्ब ९१ करोड बराबरको निर्यात भएकोमा १ महिनाकै अवधिमा यसको निर्यात झन्डै १४ अर्ब रुपैयाँ भन्दा धेरैले बढेको देखिन्छ । यसको प्रभाव समग्र निर्यात व्यापारमा देखिएको छ । गत वर्षको माघसम्म वनस्पति तेल धेरै निर्यात हुने सूचीको प्रथम पाँचभित्र पाम आयल मात्र थियो । जुन ३ अर्ब १५ करोड रुपैयाँ बराबरको मात्र निर्यात भएको देखिन्छ । भारतले अन्तर्राष्ट्रिय बजारबाट आयात हुने वनस्पति तेलमा भन्सार थप गरी महँगो बनाएको छ । तर, नेपालबाट साफ्टा सुविधा अन्तर्गत शून्य भन्सार दरमा भारत निर्यात हुन्छ । यसको फाइदा नेपाली निर्यातकर्ताहरूले उठाएका छन् ।

**तङ्गिन थाल्यो आयात**

निर्यातले छलाङ मारिरहेको समयमा आयात समेत तङ्गिन थालेको देखिन्छ । भन्सार विभागका अनुसार माघसम्म ९ खर्ब ८८ अर्ब ५८ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ । जुन गत आवको यसै अवधिको तुलनामा १०.०९ प्रतिशत धेरै हो । गत आवको माघसम्म ८ अर्ब ९७ अर्ब ९४ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो । यस वर्ष ७ महिनामा सबैभन्दा धेरै रकम तिरेर डिजेल आयात भएको देखिन्छ ।

डिजेल आयातमा ६६ अर्ब ४८ करोड रुपैयाँ विदेशिएको छ । दोस्रो नम्बरमा कच्चा सोयाबिन तेल रहेको छ । नेपालमा तेस्रो मुलुकबाट कच्चा वनस्पति तेल ल्याई भारत निर्यात गरिन्छ । सोहीकारण यस अवधिमा ३८ अर्ब २९ करोड रुपैयाँ बनाबरको कच्चा सोयाबिन तेल आयात भएको छ । तेस्रो नम्बरमा पेट्रोल छ । पेट्रोल आयातमा ३७ अर्ब ६४ करोड रुपैयाँ विदेशिएको देखिन्छ । खाना पकाउने ग्यास आयातमा ३५ अर्ब ४७ करोड रुपैयाँ बराबर विदेशिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ई-स्पोर्ट्सको राष्ट्रिय च्याम्पियनसिप सुरु

काठमाडौं, ८ फागुन/ ई-स्पोर्ट्स संघ नेपालको आयोजनामा दोस्रो ई-स्पोर्ट्स राष्ट्रिय च्याम्पियनसिप बिहीबारदेखि काठमाडौंमा सुरु भएको छ । कुल ६ विधा समावेश गरिएको प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले एक कार्यक्रमका बीच औपचारिक रुपमा उद्घाटन गरे ।

सो अवसरमा राखेप सदस्य सचिव घिसिङले ई-स्पोर्ट्समा उत्साहजनक रुपमा प्रतियोगिताले नयाँ कोशेढुंगा कायम गरेको बताए । करिब १२ हजार खेलाडी अनलाइनबाट दर्ता भएर प्रतियोगिता खेल्नु खेलकुदमा नयाँ अध्यायको सुरुवात भएको सदस्य सचिव घिसिङको भनाई थियो ।

बिहीबार राखेप कभर्डहलमा सुरु प्रतियोगिताको पहिलो दिन भ्यालोरेन्टका खेल सञ्चालन भएका छन् । जसबाट फाइनल समिकरण तय भएको छ । भौतिक रुपमा प्रतिस्पर्धा पछि नो टक वन्ली किल र काल्म डाउन फाइनल प्रवेश गरेका छन् ।

अब शुक्रबार र शनिबार इ फुटबल, डोटा टू, पब्जी मोबाइल, मोबाइल लिजेन्ड्स र कस प्लेका खेलहरु हुनेछन् । नेपाल प्लेजको व्यवस्थापनमा सञ्चालन भइरहेको यस प्रतियोगिताको कूल पुरस्कार राशी २५ लाख रहेको छ । खेलसँगै दर्शकका लागि अन्य विभिन्न कार्यक्रम पनि राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*


माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना